**अनुसूची २**

(दफा ४ तथा अनसूची-१ को भाग-२ सँग सम्बन्धित)

आठराई गाउँपालिका

# स्थानीय राजपत्र

खण्ड २ | संख्या १ | मितिः २०७५/०१/२७

**भाग-२**

**आठराई गाउँपालिका**

**तेह्रथुम**

**१नं. प्रदेश**

## आठराई गाउँपालिकाको महिला क्षमता विकास कार्यक्रम खर्च कार्यविधि, २०७५

## <u>आठराई गाउँपालिकाको महिला क्षमता विकास कार्यक्रम खर्च कार्यविधि, २०७५</u>

<u>प्रस्तावना:</u>

यस गाउँपालिकाको सभावाट नेपालमा धेरै लामो समयदेखि सामाजिक रिती, संस्कार र परम्परा अनुसार महिला वर्ग पछाडी परेको र आधा आकास ओगटने महिला वर्ग वहिष्करणमा परेर मुलप्रवाहिकरण हुन नसकी रहेको परिप्रेक्षलाई आत्मसाथ गर्नु, उनीहरुको लैङ्गीक विकासमा ध्यान पुऱ्याउनु, क्षमता विकासमा जोड दिनु, व्यवसायीक उत्प्रेरणा प्रदान गरी उनीहरुको आम्दानीमा वृद्धि गर्दै आत्मनिर्भर वन्दै जाने वाटोमा अघि वडाउनु, लैङ्गीक हिंसा मुक्त समाजको अवधारणालाई साकार रुप दिनु बाञ्छनिय भएकाले आठराई गाउँ कार्यपालिकाबाट स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी **<u>आठराई गाउँपालिकाको महिला क्षमता विकास कार्यक्रम खर्च कार्यविधि, २०७५</u>** तर्जुमा गरी लागु गरिएको छ ।

### <u>परिच्छेद-१</u>
### <u>प्रारम्भिक</u>

**१. संक्षिप्त नाम र प्रारम्भ :-**

क. यस कार्यविधिको नाम **<u>आठराई गाउँपालिकाको महिला क्षमता विकास कार्यक्रम खर्च कार्यविधि, २०७५</u>** रहेको छ ।

ख. यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

**२. परिभाषा :-**

क."महिला क्षमता विकास कार्यक्रम" भन्नाले आठराई गाउँपालिका भित्रका महिलाहरुको व्यवसायीक क्षमता अभिवृद्धी, लैङ्गीक रुपमा पछाडी परेकाहरुको मुलप्रवाहिकरण, लैङ्गिक हिंसामुक्त आठराई निर्माणका लागी गाउँ कार्यपालिकाको गाउँसभावाट तय गरिएको महिला क्षमता विकास कार्यक्रमलाई सम्झनुपर्छ ।

ख. "महिला" भन्नाले मानव जाती अन्तर्गको स्त्री लिङ्गी जातीको समुदायलाई सम्झनु पर्छ ।

ग. "कार्यविधि" भन्नाले **<u>आठराई गाउँपालिकाको महिला क्षमता विकास कार्यक्रम खर्च कार्यविधि, २०७५</u>** सम्झनुपर्छ ।

घ. "गाउँपालिका, गाउँ कार्यपालिका र गाउँ सभा" भन्नाले तोकिएको अवस्थामा वाहेक आठराई गाउँपालिका, आठराई गाउँ कार्यपालिका र गाउँ सभा सम्झनुपर्छ ।

ङ. "स्थानीय तह" भन्नाले गाउँपालिका र सो मातहतको निकाय सम्झनुपर्छ ।

च. "सार्वजनिक सुनुवाई" भन्नाले सरोकारवाला सर्वसाधारण नागरिक र स्थानीय निकायका पदाधिकारीहरू बीच सार्वजनिक चासोको विषयमा सार्वजनिक स्थलमा खुला छलफल गर्ने प्रक्रिया सम्झनुपर्छ।

**३. कार्यविधिको उद्देश्य :** यस कार्यविधिको उद्देश्य देहाय बमोजम हुनेछ :

क. लैङ्गिक रुपले पछाडी परेका र अवसरहरुवाट वञ्चीतीकरणमा परेका महिलाहरुको मुलप्रवाहिकरण गर्दै अगाडी वढनु ।

ख. महिलाहरुको व्यवसायीक क्षमता अभिवृद्धी गर्दै उनीहरुको आम्दानी वृद्धि गर्नु ।

ग. लैङ्गिक हिंसामुक्त आठराईको अवधारणालाई साकार रुप दिनु ।

घ. महिला भएकै कारण आइपर्ने जोखिमहरुलाई न्युनिकरण गर्नु ।

### परिच्छेद-२

**(४) महिला क्षमता विकास कार्यक्रम सम्बन्धि व्यवस्था**

(१) महिला क्षमता विकास कार्यक्रम आठराई गाउपालिका अन्तर्गत रहेका महिलाहरुको व्यवसायीक क्षमता अभिवृद्धी, लैङ्गिक रुपमा पछाडी परेकाहरुको मुलप्रवाहिकरण, लैङ्गिक हिंसामुक्त आठराई स्थापना गर्न सचेतनामुलक कार्यक्रमहरु गर्न निजी व्यवसायीक फर्म, समुह वा संस्थाहरुले तोकिएको मापदण्ड बमोजिम गाउपालिकामा आवेदन गर्नु पर्नेछ । यसरी गरिएको आवेदन उपर गाउ कार्यपालिकाले अध्ययन गर्नेछ र अध्ययन पश्चात मनासिव देखिएमा कार्यपालिकाको निर्णय बमोजिम व्यवसायीक सहयोग वा अन्य कार्यक्रमहरु हुनेछन ।

**<u>(५) महिला क्षमता विकास कार्यक्रम सम्बन्धी मापदण्ढ :-</u>** महिला क्षमता विकास कार्यक्रमको मापदण्ड देहाय बमोजिम हुनेछ ।

(क) महिला क्षमता विकास कार्यक्रममा आवेदन गर्ने आवेदक लैङ्गिक रुपमा महिला हुनु पर्नेछ ।

(ख) आवेदकले सिप वा प्रविधीसँग सम्बन्धीत व्यवसाय वा प्रविधिको वारेमा सहयोग लिन चाहेमा मान्यता प्राप्त निकायवाट वितरित प्रमाण-पत्र र जोखिम मुक्त कार्ययोजना पेश गर्नु पर्नेछ ।

(ग) यस कोषवाट आर्थिक सहयोग प्राप्त गरि सचेतनामुलक कार्यक्रमहरु गर्न चाहाने संस्था वा समुहले कार्यक्रमको कार्ययोजना साथ आवेदन गर्नु पर्नेछ ।

(घ) रोजगारमुलक सिपका लागी आधारभुत सिप सिक्न चाहाने महिलाहरुलाई सिपका अतिरिक्त प्रविधी पनि हस्तान्तरण गर्न सकिनेछ ।

(ङ) यस कार्यक्रमवाट निजी रुपमा तरकारी खेती वा नगदे खेतीमा समेत सहयोग हुनेछ तर त्यस्तो खेतीमा महिलाको सहभागीता हुनुपर्नेछ ।

**परिच्छेद–३**

## आर्थिक तथा प्रशासनिक व्यवस्था

### ९. कार्यक्रमको वित्तिय व्यवस्थापन

(१) कार्यक्रममा देहायका रकमहरु रहने छन्:

क) गाउँसभाबाट महिला क्षमता विकास कार्यक्रमका लागि वार्षिक रुपमा विनियोजन हुने रकम,

ख) अन्य स्थानीय तहबाट प्राप्त हुने रकम ,

ग) दातृ निकाय परियोजना गैर सरसरकारी संस्थाबाट प्राप्त हुने रकम,

घ) संघिय सरकार, प्रदेश सरकारबाट प्राप्त अनुदान सहयोग हुने रकम ।

**बर्जित गरिएको वारे** :

कार्यक्रमवाट जुन प्रयोजनका लागि रकम वुझेको हो सो प्रयोजन बाहेक अन्य कार्यमा रकम खर्च गर्न वर्जित गरिएको छ ।

**प्रशासनिक व्यवस्था :**

कार्यक्रकको प्रशासनिक तथा आर्थिक कारोवार गाउँ कार्यपालिकाको कर्मचारीहरुबाट नै संचालन गरिनेछ ।

**परिच्छेद-४**

**सुपरिवेक्षण तथा अनुगमन**

**५. सुपरिवेक्षण तथा अनुगमन देहाय वमोजिम हुनेछ**

(क) सेवाग्राही वा लाभग्राहीले जुन प्रयोजनका लागी सेवा वा लाभ प्राप्त गरेको हो त्यही प्रयोजनमा काम गरे वा नगरेको प्रमुख प्रसाशकीय अधिकृत वा निजले तोकेको प्रतिनिधीले अनुगमन गर्नेछ । यसरी अनुगमन गर्दा सेवाग्राही वा लाभग्राहीले त्रुटी गरेको पाइएमा सेवा वापत प्राप्त गरेको नगद वा जिन्सी फिर्ता गर्नु पर्नेछ ।

परिच्छेद-४

**विविध**

**६.बाधा अड्काउ फुकाउने** :- यस कार्यविधिमा कुनै बाधा अड्काउ परे गाउँ कार्यपालिकाले निर्णय गरी फुकाउन सक्नेछ ।

**७.खारेजी र बचाऊ :**

(क) संघीय एवम प्रादेशिक कानून बमोजिम यस कार्यविधि वाझिएमा बाझिएको हद सम्म अमान्य हुनेछ ।

आज्ञाले

प्रमुख प्रशासकीय